नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सुशासन प्रवर्द्धन शाखा

सिंहदरबार, काठमाडौं

प.सं. २०८१/८२ मितिः- २०८२ वैशाख १५ गते

च.नं. २६९

विषयः जानकारी सम्बन्धमा ।

श्री राष्ट्रिय किताबखाना (निजामती),
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान,
श्री निजामती कर्मचारी अस्पताल,
श्री प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम,
श्री तराई-मधेश समृद्धि कार्यक्रम,
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु — सवै,
श्री स्थानीय तहहरु — सवै ।

प्रस्तुत विषयमा संवत् २०८१ चैत्र ३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८१ को दफा १७क मा "निर्णय नगरी हानी नोक्सानी पुऱ्याउनेलाई सजाय" सम्बन्धी व्यवस्था थप गरिएको ।

उक्त दफामा **"कुनै राष्ट्रसेवकले कानून बमोजिम कुनै खास अवधिभित्र कुनै निर्णय गरिसक्नु पर्नेमा मनासिब कारण परेको अवस्थामा बाहेक जानी जानी आफू वा अरु कसैलाई लाभ लिई, दिई वा दिलाई बदनियतपूर्वक त्यस्तो निर्णय नगरेको कारणवाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार ६ महिनासम्म कैद वा हानी नोक्सानीको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ"** भन्ने व्यवस्था रहेको छ ।

अतः तहाँ निकायका जिम्मेवार पदाधिकारी/कर्मचारीहरुबाट समयमै निर्णय र कार्य गर्ने, गराउने व्यवस्था मिलाई निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानी नोक्सानी पुग्न जाने अवस्था आउन नदिनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२।१।५ च.नं. भ्र.नि./५२१/५३४९ को पत्रबाट लेखि आएको हुँदा जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

सादर अवगतार्थः
श्रीमान् सचिवज्यूको सचिवालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः goodgov.section@mofaga.gov.np, बेवसाईटः www.mofaga.gov.np
"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"